आज मिति २०८०।१०।२३ गते मगंलबारका दिन विहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को १३ औ बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

श्याम पुर्जा    कार्यवाहक अध्यक्ष (वडा नं ४)

अन्य उपस्थिति :

१) रमेश थापा, सू.प्र.अ.

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, म्याग्दी
पोखरेबगर, गण्डकी प्रदेश, नेपाल
२०७४

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

कार्यपालिका बैठक मिति : २०८०।१०।२३ गते

समय : बिहान ११:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।१०।१९ गते

<u>मिति २०८०।१०।२३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु</u>

१. पूर्व निर्णयहरुको समीक्षा
२. प्रशासकीय भवनको लागि निशुल्क जग्गा प्रासि सम्बन्धमा,
३. कास्की अन्नपूर्णसंग जोड्ने मोटरबाटो निर्माण सम्बन्धमा,
४. कर्मचारी तहवृद्धि पश्चात पदस्थापन सम्बन्धमा,
५. अनुगमन समितिको अर्ध-बार्षिक समितिको प्रतिवेदन सम्बन्धमा,
६. आ.व. २०७९।८० को FRA नतिजा सार्वजनिक गर्ने सम्बन्धमा ।
७. विभिन्न आयोजनाहरुको डिपिआर उपर छलफल सम्बन्धमा,
८. विविध
   - सार्वजनिक शौचालय निर्माणको लागि साझेदारी सम्बन्धमा।
   - नेपाल सरकारको विभिन्न मन्त्रालयबाट प्राप्त सुझाव कार्यान्वयन सम्बन्धी ।
   - वडा कार्यालयहरुबाट प्राप्त विभिन्न सिफारिस सम्बन्धमा,
   - ठुलो खोला हाइड्रोपावर लिमिटेडको सिफारिस सम्बन्धमा,
   - कर्मचारी नियुक्ति सम्बन्धमा,
   - परियोजना कार्यान्वयन समिति गठन सम्बन्धमा,
   - सामुदायिक विद्यालयको लेखापरिक्षक नियुक्ति सम्बन्धमा

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष

निर्णय नं. १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समिक्षा गर्दा तपसिलको अनुसार गर्ने ।

क) गाउँपालिकाको आर्थिक ऐन, २०८० (संसोधित) 'ढुवानीका साधन तथा सार्वजनिक यातायातका साधन, हेवी ईक्युप्मेन्टका साधनहरुको सुचिकरण शुल्क" उठाउने विषयमा जिल्ला प्रशासन कार्यालयसंग समन्वय गर्ने ।

ख) अन्नपूर्ण गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ ले तोकेको अन्नपूर्ण गाउँपालिकाको बजार अनुगमन समितिबाट अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्रको होटल, लज, मदिरा पसल, किराना पसलहरुको नियमित बजार अनुगमन गर्ने ।

ग) वडा नं २मा रहेको भुरुङ तातोपानी कुण्डमा भौतिक पुर्वाधार निर्माणको सम्बन्धमा स्थानीय सरोकारवालाहरुसंग तत्काल बैठक बसी निर्णय गर्ने ।

निर्णय नं. २ :

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिकाको कार्यालयबाट मिति २०८०।० ९।२९ गते प्रथम पटक गाउँपालिकाको प्रशासकीय भवनको लागि निशुल्क जग्गा प्राप्ति सम्बन्धी सूचना प्रकाशित गर्दा अन्नपूर्ण गाउपालिका वडा नं ६ पोखरेवगर निवासी खिमराज बरुवालले एक रोपनी निशुल्क रुपमा र बाकी पाँच रोपनी सशुल्क उपलब्ध गराउन मञ्जुरिनामा सहित निवेदन पेश भएको जानकारी भयो । जम्मा १ रोपनी मात्र जग्गा निशुल्क प्रासी हुदा पूर्ण नहुने भएकाले उक्त जग्गाको पुनःनिर्णय हुने गरी आवश्यक अधिकतम ६ रोपनी जग्गा मुआब्जा प्रदान गर्ने गरी जग्गा प्रासीको लागि सूचना प्रकाशन गर्ने ।

निर्णय नं. ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा "मुक्तिमार्ग — नयाँपूल — उल्लेरी कास्की, पर्वत-म्याग्दी वाइपास मार्ग (पोखरा-मुक्तिनाथ जोड्ने मार्ग)"को लागि पूर्वाधार विकास कार्यालय म्याग्दीले रु ३०,००,०००।— र सोही बाटोको यस गाउँपालिका क्षेत्रमा कार्यान्वयन हुने गरी यस गाउँपालिकाबाट घोरेपानी उल्लेरी मोटरबाटो निर्माणको लागि रु १२,००,०००।— बजेट विनियोजन भएको हुँदा २ वटा बजेट एकिकृत गरी मोटरबाटो निर्माण गर्नु उपयुक्त हुने भएकाले उक्त बाटो निर्माणको अख्तियारीको लागि पूर्वाधार विकास कार्यालय म्याग्दीमा पत्राचार गर्ने ; सो क्षेत्रमा पर्ने आवश्यक रुख कटानीको लागि प्रकृयागत पूर्वतयारी गर्ने ; पूर्वाधार विकास कार्यालयबाट अख्तियारी प्राप्त भएपश्चात गाउँपालिकाको खरिद योजना २०८० संशोधन गरी एकमुष्ट रु ४२,००,०००।— उपभोक्ता समिति मार्फत अगाडी बढाउने ।

अन्नपूर्ण गाउँपालिका

निर्णय नं. ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा गाउँपालिका कार्यालयको मिति २०८०।०९।२२ गतेको कर्मचारी तहवृद्धि सम्बन्धी सूचना अनुसार तहवृद्धि भएको तपसिलका कर्मचारीलाई तपसिल बमोजिम पदस्थापन गर्ने ।

तपसिल :

| सि.न. | कर्मचारीको नाम | पद | क. संकेत नं | पदस्थापन भएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | रञ्जिता पाइजा | सि.अ.हे.व./पाँचौ | २२७८०१ | दोवा स्वास्थ्य चौकी | |
| २ | कुल प्रसाद आचार्य | अधिकृतस्तर/छैठौ | १९३७४३ | गाउँपालिकाको कार्यालय | ५.नं वडा कार्यालय शिखमा काज रहनेगरी |
| ३ | सविना थापा | सहायकस्तर/पाँचौ | २२३९९९ | गाउँपालिकाको कार्यालय | |
| ४ | मन कुमार गर्बुजा | बरिष्ट प्रशासन सहायक/पाँचौ | २१८७२७ | १ नं वडा कार्यालय दोवा | |

निर्णय नं ५ :

प्रस्ताव नं ५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार उपाध्यक्ष ज्यूको संयोजकत्वमा गठित अनुगमन समितिको अर्धबार्षिक (श्रावण-पुस) प्रतिवेदन २०८० उपर छलफल भयो ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ अन्नपूर्ण गाउँपालिकाको आ.व. २०७९।८० को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को कार्यविधि,२०७७ अनुसार मुल्याङ्कन गर्दा ७३.५% प्राप्त भएको र पृष्ठ पोषणको निम्ति जिल्ला समन्वय समितिमा पेश गर्दा उक्त अंक स्वीकृत भएकाले अनुमोदन गरी गाउँपालिकाको वेवसाईट मार्फत सार्वजनिक गर्ने ।

निर्णय नं ७ :

प्रस्ताव नं ७ विभिन्न आयोजनाहरुको डिपिआर उपर छलफल सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर,
गण्डकी प्रदेश
२०७३

क) पाउद्वार मा.वि.मा पूर्वाधार निर्माण गर्ने सम्बन्धमा संघीय सरकारबाट ३ बर्षमा कार्यान्वयन गरी सक्ने गरी विशेष अनुदान स्वरुप रु ५ करोड स्वीकृत भई आएकोमा विद्यालयबाट नै रु ५,०२,१७,६३३.५१/- लागत रहने गरी डि.पि.आर. तयार तथा स्वीकृत भइआएकाले सोही बमोजिम स्वीकृत गर्ने ; संघीय सरकारबाट स्वीकृत भएभन्दा बढी रकम गाउँपालिकाले वेहोर्ने; विद्यालयले तोकेको कित्ता नं.का जग्गाहरुमा भवन निर्माणका लागि तत्काल टेण्डर प्रकृया अघि बढाउने ।

ख) रुप्से झरनामा पर्यटन पुर्वाधार निर्माण गर्ने सम्बन्धमा संघीय सरकारबाट ३ बर्षमा कार्यान्वयन गरी सक्ने गरी विशेष अनुदान स्वरुप रु ३ करोड ८५ लाख स्वीकृत भई आएकोमा मिति २०७७।०४।०५ को पहिरो पश्चात पुरानो स्वीकृत डि.पि.आर. उपयुक्त नभएकाले नयाँ डि.पि.आर. निर्माण प्रकृया अगाडी बढाईएकोमा परामर्शदाताद्वारा आयोजनाको डि.पि.आर. प्रस्तुत भयो केही विषयहरु परिमार्जन गर्नुपर्ने देखिएकाले सोलाई समावेश गराउने ।

ग) सेकार्कु कुण्डमा पर्यटन पूर्वाधार निर्माण गर्ने सम्बन्धमा संघीय सरकारबाट ३ बर्षमा कार्यान्वयन गरी सक्ने गरी समपुरक अनुदान स्वरुप रु ४ करोड स्वीकृत भई आएकोमा पुरानो स्वीकृत डि.पि.आर. उपयुक्त नभएकाले नयाँ डि.पि.आर. निर्माण प्रकृया अगाडी बढाईएकोमा परामर्शदाताद्वारा आयोजनाको डि.पि.आर. प्रस्तुत भयो केही विषयहरु परिमार्जन गर्नुपर्ने देखिएकाले सोलाई समावेश गराउने ।

निर्णय नं ८:

प्रस्ताव नं ८ विविध प्रस्ताव उपर छलफल गर्दा तपसिलको निर्णय गर्ने ।

क) सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीसंग पोखरेवगरमा सार्वजनिक शौचालय निर्माणको बजेट माग गर्ने सो को लागत साझेदारी मिलान हुने शिर्षकबाट गर्ने। पोखरेवगरमा सार्वजनिक जग्गाको व्यवस्था मिल्न नसके, भुरुङ तातोपानीमा निर्माण गर्ने ।

ख) नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वातावरण तथा जैविक विविधता महाशाखा ( जैविक विविधता शाखा)को प.स. क./२०८०/०८१, चलानी नं. ५२२, मिति २०८०।०९।२० गतेको अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई सुम्पने नेपाल सरकारको म.प.बै.स. ४६/०८०, मिति २०८०।०९/०५ को निर्णय जानकारी भयो ।

ग) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) को च.न. ७४९, मिति २०८०।०९।१७ गतेको स्थानीय अवकाश कोष व्यवस्था गर्ने सम्बन्धी परिपत्र जानकारी भयो । सो सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ९१ अनुसार अवकास कोष प्रबन्ध गर्ने ।

घ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सूचना प्रविधि शाखा) को च.न. ४१७, मिति २०८० माघ १५ गतेको सुझाव कार्यान्वयन गर्ने पत्रासाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान

आयोग, महाशाखा न. ५ को मिति २०८०।१०।७, च.न.३७४८६ को सुझाव कार्यान्वयन सम्बन्धमा पत्र जानकारी भयो। सो सम्बन्धमा यस गाउँपालिकामा प्रदेश कानुन विपरित प्रेश सल्लाकार, स्वकीय सचिव, कानुनी सल्लाहकार, प्राविधिक तथा प्रशासनिक सल्लाहकारहरु नियुक्ति नभएको तथा आगामी दिनमा पनि नगर्ने ।

ङ) ३ नं वडा कार्यालय दानाबाट चलानी न. ३४९, मिति २०८०।१०।०५ बाट पत्रमार्फत दाना ३क कित्ता नं. ८२ को जग्गा हाल नेपाल सरकारको जग्गा भएको र उक्त जग्गाको क्षेत्रफल १७-३-०-१ भएको र हाल उक्त जग्गाको सिमाना किटान गरिदिनुपर्ने भनी निवेदन प्राप्त भएकोमा उक्त कार्यको लागि अमिन बोलाई नापजाँज गर्न लगाउने र सेवा तथा परामर्श शिर्षकबाट व्ययभार वहन गर्ने ।

च) ७ नं वडा कार्यालयको चलानी नं ५७५, मिति २०८०।१०।२३ प्राप्त आर्थिक सहयोग गरिदिने पत्रमार्फत वडा नं ७ हिस्तान औल निवासी भक्त बहादुर पुनको ३ बर्षिय छोरा आभास पुनको आँखाको उपचारको लागि बालहित कोषबाट रु २५,०००/- ( रु पच्चिस हजार मात्र) उपलब्ध गराउने ।

छ) ठुलो खोला हाईड्रोपावर लिमिटेड को प.स. ०८०।८१, च.न. ७८, मिति २०८०।१०।१५ सिफारिस गरिदिने सम्बन्धी पत्रको व्यहोरा जानकारी भयो । सो सम्बन्धमा गाउँपालिकाले रायसुझाव सहित सिफारिस गरिदिने ।

ज) २ नं वडा कार्यालयमा कार्यरत सब-इन्जिनियर सविता पौडेलले राजीनामा पेश गर्नुभएको कारणले २ न. वडाको लागि एक जना सेवा करारमा सब-इन्जिनियर(पाँचौ) को विज्ञापन गर्ने। साथै उद्यम विकास सहजकर्ता श्री शंकर सापकोटाले सेवाबाट अवकाश लिने जानकारी गराउनुभएकाले "गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७" उद्यम विकास सहजकर्ता (सहायक पाँचौ) अनुसार विज्ञापन गर्ने ।

झ) गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको च.न. ६४९, मिति २०८०।१०।०९ को परियोजना कार्यान्वयन समिति गठन पत्राचार भएकोमा तपसिल बमोजिम समिति गठन गर्ने ।

१. भारत कुमार पुन, अध्यक्ष
२. अमृत सुवेदी, प्रमुख प्रशासकीय अधिकृत, सदस्य
३. गणेश बहादुर कटुवाल, प्रमुख- शिक्षा, युवा तथा खेलकुद शाखा , सदस्य-सचिव

ञ) गाउँपालिका भित्र रहेको सबै सामुदायिक विद्यालय, सिकाई केन्द्र र बालविकास केन्द्रहरुको आ.ब. २०७९/८० को आय व्ययको अन्तिम लेखा परीक्षणको लागि अन्नपूर्ण गाउँपालिकाको विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ को दफा (६) मा बमोजिम गठित लेखापरीक्षण छनौट समितिको मिति २०८० माघ २२ गतेको बैठकबाट सिफारिस भए अनुसार तपसिल बमोजिम स्वीकृत गर्ने ।

तपसिल :

| क्र.स | विद्यालयको नाम | सिफारिस | कैफियत |
|---|---|---|---|
| १ | श्री कैलाश मा. बि., अ. गा. पा-१, दोवा | B.P Baral & Associates | |
| २ | श्री सुनारी आ. बि. , अ. गा. पा-१, दोवा | B.P Baral & Associates | |
| ३ | श्री सर्वोदय मा. वि , अ. गा. पा-२, तातोपानी | वि. डि. भट्ट एण्ड कम्पनी | |
| ४ | श्री हिमालय आ. वि., अ. गा. पा-२, भुरुङ् तातोपानी | वि. डि. भट्ट एण्ड कम्पनी | |
| ५ | श्री सुवा आ. बि. अ. गा. पा-३, दाना | E.D. & Associates | |
| ६ | श्री जनकल्याण आ. बि. अ. गा. पा-३, दुवारी | E.D. & Associates | |
| ७ | श्री ज्योती आ. बि. अ. गा. पा ३, ठाडा | जे.वी बानियाँ एण्ड एसोसियट्स | |
| ९ | श्री सरस्वती आ. बि. अ. गा. पा ३, काभ्रे | जे.वी बानियाँ एण्ड एसोसियट्स | |
| ८ | श्री ज्ञान प्रकाश मा. बि.अ. गा. पा ३ दाना | एल. वि थापा एण्ड एसोसियट्स | |
| १० | श्री नारच्याङ् आ. बि. अ.गा.पा. ४,गाडपार | एल. वि थापा एण्ड एसोसियट्स | |
| ११ | श्री धवलागिरी आ. बि.अ. गा. पा ४,कोप्चेपानी | के. एन.एस. एण्ड एसोसिएट्स | |
| १२ | श्री निलगिरी आ. बि.अ. गा. पा ४, घराप | के. एन.एस. एण्ड एसोसिएट्स | |
| १३ | श्री प्रभा मा. बि. अ. गा. पा ४,नारच्याङ् | एच. एन. ढकाल एण्ड कम्पनी | |
| १४ | श्री क्रान्ती आ. बि. अ. गा. पा ४, लेकगाउँ | एच. एन. ढकाल एण्ड कम्पनी | |
| १५ | श्री पाउद्वार आ. बि. अ. गा. पा ५, गिवाङ् | R. subedi and Associates | |
| १६ | श्री पाउद्वार मा. बि. अ. गा. पा ५, पाउद्वार | R. subedi and Associates | |
| १७ | श्री किन्दु आ. बि.अ. गा. पा ५, किन्दु | राज भण्डारी एण्ड कम्पनी | |
| १८ | श्री शिखर आ. बि. अ. गा. पा ५, स्वाँत | राज भण्डारी एण्ड कम्पनी | |
| १९ | श्री शिख मा. बि. अ. गा. पा ५, शिख | T Paudel & Associates | |
| २० | श्री शारदा आ. बि. अ. गा. पा ५, फलाटे | T Paudel & Associates | |
| २१ | श्री लाली गुराँस आ. बि. अ. गा. पा ६,चित्रे | एस के.सी. एण्ड एसोसिएट्स | |
| २२ | श्री खिवाङ्ग आ. बि. अ. गा. पा ६, खिवाङ् | एस के.सी. एण्ड एसोसिएट्स | |
| २३ | श्री मुत्तिमार्ग मा. बि. अ. गा. पा ६, घार | Rabi & company | |
| २४ | श्री भुवानी आ. बि. अ. गा. पा.६ घारा | Rabi & company | |
| २५ | श्री मुक्तिपथ आ. बि. अ. गा. पा .६ दुरविनडाँडा | एम श्रेष्ट एण्ड एसोसियट्स | |

| | | | |
|---|---|---|---|
| २६ | श्री पोखरे आ. बि. अ. गा. पा ६ पोखरेवगर | एम श्रेष्ट एण्ड एसोसियट्स | |
| २७ | श्री शिवालय आ. बि. अ. गा. पा ७, दोसल्ले | R.P. sharma & Associates | |
| २८ | श्री घराम्दी आ. बि. अ. गा. पा ७, घराम्दी | R.P. sharma & Associates | |
| २९ | श्री टिकोट मा. बि. अ. गा. पा -७, टिकोट | सुवेदी जे. पी. एण्ड एसोसिएट्स | |
| ३० | श्री मण्डली आ. बि. अ. गा. पा-७, औला | N.P subedi & Associates | |
| ३१ | श्री आदर्श मा. बि. अ. गा. पा-७, रिमा | N.P subedi & Associates | |
| ३२ | श्री काफलडाँडा आ. बि. अ. गा. पा-८, | L. D. Sapkota & Associates | |
| ३३ | श्री देउराली आ. बि. अ. गा. पा-८, राम्चे | पदमपाणी शर्मा एण्ड एसोसियट्स | |
| ३४ | श्री चन्द्र आ. बि. अ. गा. पा-८, महभिर | L. D. Sapkota & Associates | |
| ३५ | श्री शान्ति कालिका आ. बि.अ. गा. पा -८, थामन | पदमपाणी शर्मा एण्ड एसोसियट्स | |
| ३६ | श्री हिमाञ्चल मा. बि. अ. गा. पा-८, नागीं | तेजेन्द्र एण्ड एसोसियट्स | |

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

भारत कुमार पुन
अध्यक्ष